मिति २०८२ साल फागुन महिनाको ०४ गते सोमबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षता र देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरी सम्पन्न गरियो।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो (गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ (१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा (२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ (३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ (४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ (६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ (७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | कविता |
| १६. | श्री गौरवराज के सी | सदस्य सचिव | |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

३. आ. ब. २०८३/०८४ को लागि प्रदेश समपूरक र विशेष अनुदानका योजनाहरुको माग सम्बन्धमा ।

४. भेरिएसन आदेश सम्बन्धमा ।

५. किनी खाने होइन बेचीखाने गाँउपालिका अभियान अन्तर्गत अकबरे खुर्सानी खेतीको लागि लाभग्राही छनौट सम्बन्धमा ।

६. परामर्श सेवा खरिद गर्ने सम्बन्धमा ।

७. गृहिणी महिला सशक्तिकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

८. परामर्श सेवाको लागत अनुमान र TOR स्वीकृत गर्ने सम्बन्धमा ।

९. योजना फरफारक सम्बन्धमा ।

१०. ढुङ्गा, गिट्टी, बालुवाको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा

११. मासिक आय/व्यय छलफल सम्बन्धमा ।

१२. चौमासिक खर्च प्रगति प्रतिवेदन सम्बन्धमा ।

१३.विविध सम्बन्धमा ।

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१. निर्णय नं १

प्रस्ताव नं १ माथि छलफद्य गर्दा जुगल गाउँपालिकाको अघिल्लो बैठकबाट भएका गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो ।

२. निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा जुगल गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सञ्चालित योजनाहरुको कार्य प्रगति सन्तोषजनक रहेको साथै उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको सम्बन्धमा सम्पन्न भएका योजनाहरुको शिघ्र अनुगमन गरी भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजनाहरुको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशबाट प्रस्ताव आव्हानसम्बन्धी सूचना जारी गरेको सन्दर्भममा उल्लेखित सूचना बमोजिम यस गाउँपालिकाका तपशिलका योजनाहरु प्रदेश समपुरक र विशेष अनुदान तर्फ प्राथमिकताका आधारमा माग गर्ने निर्णय गरियो ।

**<u>प्रदेश समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु</u>**

| प्रा क्र | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | ढाँडे विप्लुङ शेर्माथाङ याङ्लाकोट सडक स्तरोन्नती | रु. २ करोड |
| २ | सिस्नेरी चनौटे वाङगुजे सडक स्तरोन्नती | रु. २ करोड |
| ३ | कुम्भेश्वर तोरीवारी किप्चे सडक स्तरोन्नती | रु. २ करोड |

**<u>प्रदेश विशेष अनुदान तर्फ माग गर्ने योजनाहरु</u>**

| प्रा क्र | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | खानीगाँउ पहिरो नियन्त्रण जुगल ४ | रु. १ करोड |
| २ | हगाम पहिरो नियन्त्रण जुगल ४ | रु. १ करोड |
| ३ | निम्लुङ आ वि भवन निर्माण | रु. ७८ लाख |

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

४. निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका र Mahadev Khimti/Anjana /Taksar J V बीच Construction of 10 bed hospital निर्माण कार्यको लागि भएको ठेक्का सम्झौता बमोजिम साइटमा काम गर्ने क्रममा प्राविधिक रूपमा देखिएको यथार्थ आवश्यकता र स्थलगत जटिलताका कारण केही वस्तुगत आइटमहरूको परिमाण बढाउनुपर्ने र केही आइटमहरूको परिमाण घटाउनुपर्ने स्थिति सिर्जना भएको छ। ठेक्का सम्झौताको कुल स्वीकृत लागत रकम सीमाभित्रै रहने गरी (अर्थात् कुल सम्झौता रकममा वृद्धि नहुने गरी) प्राविधिक आवश्यकताका आधारमा कुनै आइटमको काम घटाउने र कुनै आइटमको काम बढाउने गरी प्राविधिक शाखाबाट पेस हुन आएको भेरिएसन प्रस्तावलाई सार्वजनिक खरिद नियमावली, २०६४ को प्रचलित प्रावधानको परिधिभित्र रही स्वीकृत भएको परिमाणको आधारमा सम्बन्धित निर्माण व्यवसायीसँग आवश्यक प्रक्रिया पूरा गरी भेरिएसन अर्डरसहितको काम गर्न लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

५. निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको स्वीकृत वार्षिक नीति, बजेट तथा कार्यक्रम अन्तर्गत कृषकहरूलाई आत्मनिर्भर बनाई आर्थिक समृद्धितर्फ उन्मुख गराउने दीर्घकालीन लक्ष्यका साथ सञ्चालित "किनी खाने होइन बेची खाने गाउँपालिका अभियान कार्यक्रम" अन्तर्गत अकबरे खुर्सानी खेती कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विस्तृत छलफल गरियो। उक्त कार्यक्रममा व्यावसायिक रूपमा अकबरे खुर्सानी खेती सञ्चालन गर्न इच्छुक कृषक, आमा समूह, सहकारी तथा कृषि फर्महरूबाट प्रस्ताव/आवेदन आह्वान गर्दै गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना प्रकाशन गरिएको थियो। म्यादभित्र रितपूर्वक दर्ता हुन आएका आवेदन तथा व्यावसायिक कार्ययोजना (Business Plan) हरू मध्येबाट कृषि विकास शाखाको प्राविधिक टोलीद्वारा स्थलगत सम्भाव्यता, जग्गाको उपलब्धता, सिँचाईको व्यवस्था र पूर्व अनुभवको आधारमा मूल्यांकन गरी पेस हुन आएको प्रतिवेदनमाथि यस बैठकमा गहन छलफल गरियो।

सो छलफल पश्चात् तोकिएको मापदण्ड र सूचकहरूमा उत्कृष्ट ठहरिएका देहाय बमोजिमका २ (दुई) वटा व्यावसायिक कृषि फर्महरू आर आर जुगल एग्रो कृषि फर्म, जुगल गाउँपालिका वडा नं. ०७ र राम कृषि तथा मौरीपालन फर्म, जुगल गाउँपालिका वडा नं. ५लाई कुल

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

विनियोजित बजेट रु. ३ लाखमध्ये आधा आधा रकम हुने गरी यस वर्षको अकबरे खुर्सानी खेती कार्यक्रम सञ्चालनका लागि लाभग्राही छनौट गर्ने निर्णय गरियो ।

६. निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्तिकेमा अवस्थित बेली ब्रिज (Bailey Bridge) भत्किएको कारण यातायात तथा आवतजावतमा गम्भीर अवरोध सिर्जना भएको हुँदा उक्त पुललाई मर्मत सम्भार (Maintenance) गरेर पुनः प्रयोगमा ल्याउन सकिने प्राविधिक अवस्था रहेको छ वा सो स्थानमा नयाँ पुल नै निर्माण गर्नु पर्ने हो, सोको यथार्थ प्राविधिक अवस्था र लागत अनुमान (Cost Estimation) यकिन गर्न आवश्यक देखिएको छ।

अतः सो सम्बन्धमा चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित बजेटबाट नियमानुसार परामर्श सेवा खरिद गरी विस्तृत अध्ययन तथा प्राविधिक जाँच गराउने कार्य अगाडि बढाउन र सोको प्रतिवेदन कार्यपालिकामा पेस गर्न गाउँपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

७. निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकारको सूचना अनुसार गृहिणी महिला सशक्तिकरण कार्यक्रमको लागि गाउँपालिकाले सामाजिक विकास मन्त्रालयमा पेश गरेको तपशिल बमोजिमको प्रस्ताव अनुमोदन गर्ने र उक्त कार्यक्रममा साझेदारी बापत गाउँपालिकाले त्यसका लागि आवश्यक रु. १,८९,०००।०० महिला सशक्तिकरण तालिम तथा कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| क सं | तालिमको नाम | सहभागी संख्या अनुमानित | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|
| १ | होमस्टे तालिम | २५ जना | ५,००,०००.०० | जुगल ३ |
| २ | साबुन सरफ बनाउने तालिम | ३० जना | ५,००,०००.०० | जुगल ७ |
| ३ | ढाका बुनाइ तालिम | २५ जना | ४,४९,०००.०० | जुगल ५ |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

८. निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा देहायका निर्णयहरु गरियो ।

- गाउँपालिकाभित्रका विपद् प्रभावित तथा जोखिमयुक्त क्षेत्रहरूको पहिचान र व्यवस्थापन गर्न GIS Mapping गराउने सम्बन्धमा यसअघिको कार्यपालिका बैठकले स्वीकृत दिएको सन्दर्भममा प्राविधिक शाखाबाट तयार गरिएको लागत अनुमान र कामको विवरण (Terms of Reference - ToR) स्वीकृत गरी परामर्श सेवा खरिदको प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।
- जुगल गाउँपालिका अन्तर्गत वडा नं २, ३ र ४ को आवतजावत तथा यातायात सञ्चालनका लागि अति महत्वपूर्ण रहेको कार्तिके बजार नजिक रहेको लप्से खोला पुलको सम्बन्धमा (मर्मत वा नयाँ निर्माणको विकल्पसहितको विस्तृत इन्जिनियरिङ सर्वेक्षण, माटो परीक्षण र डिजाइन) को कार्यका लागि परामर्श सेवा खरिद गर्ने सम्बन्धमा यसअघिको कार्यपालिका बैठकले स्वीकृत दिएको सन्दर्भममा प्राविधिक शाखाबाट तयार गरिएको लागत अनुमान र कामको विवरण (Terms of Reference - ToR) स्वीकृत गरी परामर्श सेवा खरिदको प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

९. निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा आ. ब .२०८२/०८३ मा रकम विनियोजित भई कार्यान्वयन भएको तपसिलका योजनाहरुको माघ महिनामा गाँउपालिकास्तरीय योजना अनुगमन समितिले अनुगमन गरी माघ महिनामा फरफारक भएका योजनाहरुको विवरण देहाय बमोजिमको रहेको छ ।

| क्र.स | योजनाको नाम | वडा नं. | कार्यसम्पन्न मिति | विनियोजित बजेट | जनश्रमदान | भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|
| 1 | नाम्फा कुल मन्दिर संरक्षण, जुगल २ निरन्तर | 2 | 2082-10-29 | 500000 | 56080.3 | 485000 |
| 2 | चिहान घर निर्माण घुङ्गा, जुगल ४ | 4 | 2082-10-28 | 500000 | 59065 | 416637 |
| 3 | मान्द्रा देवीथान मन्दिर, जुगल ४ | 4 | 2082-10-26 | 300000 | 36147 | 282641 |

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4 | धुर्जागाउँ चिहानडाँडा गोरेटो बाटो | 7 | 2082-10-20 | 250000 | 29619 | 236930 |
| 5 | चम्बोटे मोटर बाटो | 7 | 2082-10-20 | 700000 | 78576 | 679000 |

१०.निर्णय नं १०

प्रस्ताव नं.१० माथि छलफल गर्दा यस जुगल गाउँपालिकाभएर बग्ने बलेफी खोलाको कुम्भेश्वर खण्डबाट हुने ढुङ्गा, गिट्टी, बालुवाको व्यवस्थित तथा वातावरणमैत्री ढङ्गले उत्खनन् तथा संकलन कार्य गर्नका लागि ब्राइट फ्युचर कन्सल्टयान्ट प्रा.लि.द्धारा तयार पारिएको जुगल गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

११.निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाँउपालिकाको आ. ब .२०८२/०८३ को विनियोजित नीति तथा कार्यक्रम, योजना र बजेट माघ महिनाको आय/व्ययको विवरण देहाय बमोजिम रहेको छ ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१०/२९

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३५,४४,५१,०००.०० | ०.०० | ० | ३५,४४,५१,०००.०० |
| १३३११ समानिकरण अनुदान | ११,१३,००,०००.०० | ०.०० | ० | ११,१३,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,७८,५१,०००.०० | ०.०० | ० | २०,७८,५१,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | १,९०,००,०००.०० | ०.०० | ० | १,९०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८९,००,०००.०० | ०.०० | ० | ८९,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६८,००,०००.०० | ०.०० | ० | ६८,००,०००.०० |
| प्रदेश सरकार | ६,७४,४२,०००.०० | ०.०० | ० | ६,७४,४२,०००.०० |
| १३३११ समानिकरण अनुदान | १,१०,२८,०००.०० | ०.०० | ० | १,१०,२८,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,७१,१४,०००.०० | ०.०० | ० | १,७१,१४,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,७३,००,०००.०० | ०.०० | ० | २,७३,००,०००.०० |
| राजस्व बाडफाड | १५,५७,२४,९३९.०० | ८७,९६,६१४.६८ | ५.६५ | १४,६९,२८,३२४.३२ |
| १३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | ० | ०.०० |
| १४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,९४,०७,४७२.०० | ६५,४९,३६७.४१ | ८.२५ | ७,२८,५८,१०४.५९ |
| १४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,६४,०२,४९१.०० | २२,४७,२४७.२७ | ८.५१ | २,४१,५५,२४३.७३ |
| ४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,९९,१४,९७६.०० | ०.०० | ० | ३,९९,१४,९७६.०० |
| १५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| आन्तरिक श्रोत | ६,१०,४४,५७६.१३ | २,९५,४२५.०६ | ०.४८ | ६,०७,४९,१५१.०७ |
| ३१४ भुमिकर/मालपोत | ९,५०,०००.०० | ७८,६५८.३० | ८.२७ | ८,७१,३४१.७० |
| ३१७ वहाल कर | २,५०,०००.०० | १,२८,१३३.६० | ५१.२५ | १,२१,८६६.४० |
| ३१ कृषितथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ३,००,०००.०० | ८,३००.०० | २.७७ | २,९१,७००.०० |
| ४९ अन्य दस्तुर | ८,००,०००.०० | ३२,३३३.१६ | ४.०४ | ७,६७,६६६.८४ |
| ५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १९,००,०००.०० | ०.०० | ० | १९,००,०००.०० |
| १२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ७,००,०००.०० | ४८,०००.०० | ६.८६ | ६,५२,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | | | | |
| २११११ पारिश्रमिक कर्मचारी | ३८,१२,३३,०१५.१३ | ६९,३२,८७६.२८ | १.८२ | ३७,४३,००,१३८.८५ |
| २११२१ पोशाक | ४,११,८८,०००.०० | १३,४९,८७८.२८ | ३.२८ | ३,९८,३८,१२१.७२ |
| २११२३ औषधीउपचार खर्च | ८,३०,०००.०० | ०.०० | ० | ८,३०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ९,८०,०००.०० | ०.०० | ० | ९,८०,०००.०० |
| २११३२ महंगी भत्ता | ८,००,०००.०० | ३४,४५०.०० | ४.३ | ७,६५,५५०.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १७,००,०००.०० | ५०,०००.०० | २.९४ | १६,५०,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ०.०० | ०.०० | ० | ०.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६,००,०००.०० | ७६,२५०.०० | १२.७१ | ५,२३,७५०.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ६४,७२,९६३.०० | ०.०० | ० | ६४,७२,९६३.०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | ४,०००.०० | ०.८ | ४,९६,०००.०० |
| २२११२ संचार महसुल | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४०,००,०००.०० | १,७७,०६१.०० | ४.४३ | ३८,२२,९३९.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३०,००,०००.०० | २१,१००.०० | ०.७ | २९,७८,९००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,००,०००.०० | ३६,५४५.०० | ७.३१ | ४,६३,४५५.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ८,५०,०००.०० | ०.०० | ० | ८,५०,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४६,००,०००.०० | ४,१५,०००.०० | ९.०२ | ४१,८५,०००.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३४,२०,०००.०० | १,८३,८९०.०० | ५.३८ | ३२,३६,११०.०० |
| २२४११ सेवा र परामर्श खर्च | ३३,२०,०००.०० | ४९,५००.०० | १.४९ | ३२,७०,५००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | १,७०,००,०००.०० | १०,०४,५७४.०० | ५.९१ | १,५९,९५,४२६.०० |
| २२४१९ अन्य सेवा शुल्क | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

२०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१०/२९

| आय | | | | |
|---|---|---|---|---|
| बेरूजू | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| बैंक मौज्दात | ५,६०,४४,५७६.१३ | ०.०० | ० | ५,६०,४४,५७६.१३ |
| जम्मा | ६३,८६,६२,५१५.१३ | १०,९२,०३९.७४ | १.४२ | ६२,९५,७०,४७५.३९ |

| व्यय | | | | |
|---|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | २,१४,३०,०००.०० | ३,४१,०००.०० | १.५९ | २,१०,८९,०००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २,३९,९५,०००.०० | ७,९५,५५०.०० | ३.३२ | २,३१,९९,४५०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | १२,००,०००.०० | ७७,९००.०० | ६.४९ | ११,२२,१००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | २,१८,०००.०० | ०.०० | ० | २,१८,०००.०० |
| २२७११ विविध खर्च | ४२,२०,०००.०० | ३८,२००.०० | ०.९१ | ४१,८१,८००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ३,५०,०००.०० | ९६,८९०.०० | २७.६८ | २,५३,११०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,५५,३५,०००.०० | २१,४९,०८८.०० | १.१ | १९,३३,८५,९१२.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १,३६,७८,०००.०० | ३२,०००.०० | ०.२३ | १,३६,४६,०००.०० |
| २७१११ सामाजिक सुरक्षा | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,०९,००,०००.०० | ०.०० | ० | १,०९,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २८२११ राजस्व फिर्ता | १५,६१,०७६.१३ | ०.०० | ० | १५,६१,०७६.१३ |
| २८२१९ अन्य फिर्ता | १२,३४,९७६.०० | ०.०० | ० | १२,३४,९७६.०० |
| पूंजीगत | २५,७४,२९,५००.०० | ५२,९९,९५०.०० | २.०६ | २५,२१,२९,५५०.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ४६,५०,०००.०० | ०.०० | ० | ४६,५०,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३६,००,०००.०० | ०.०० | ० | ३६,००,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४०,००,०००.०० | ०.०० | ० | ४०,००,०००.०० |
| ३११२१ सवारी साधन | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १७,८०,०००.०० | ०.०० | ० | १७,८०,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १०,१०,९०,०००.०० | ८,४८,९५०.०० | ०.८४ | १०,०२,४१,०५०.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४४,३०,०००.०० | ०.०० | ० | ४४,३०,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०९,५०,०००.०० | ०.०० | ० | १,०९,५०,०००.०० |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

**आय व्ययको बिबरण**

: २०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१०/२९

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५६ खानेपानी संरचना निर्माण | ४३,६४,०००.०० | ०.०० | ० | ४३,६४,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १३,५०,०००.०० | ०.०० | ० | १३,५०,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ११,८२,१५,५००.०० | ४४,५१,०००.०० | ३.७७ | ११,३७,६४,५००.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| | जम्मा | ६३,८६,६२,५१५.१३ | १,२२,३२,८२६.२८ | १.९१ | ६२,६४,२९,६८८.८५ |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

विविध

- यस गाउँपालिकाको समग्र विकासका लागि स्थानीय स्रोत र साधन अपर्याप्त भएको हुदाँ देहायका ठूला तथा रणनीतिक महत्वका आयोजनाहरु कार्यान्वयन गर्न संघीय सरकार र बागमती प्रदेश सरकारसँग बजेट विनियोजनका लागि माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि. नं. | आयोजनाको नाम | स्थान /वडा | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | | | |
| १ | तोरीबारी - किप्चे - सञ्चगाँउ - लिदी सडक | जुगल १ र २ | रु. १०,००,००,०००.०० | |
| २ | ढाँडे - बराम्ची - डल्लेपोखरी - पाङगर्पु सडक | जुगल ४ र ५ | रु. ५,००,००,०००.०० | |
| ३ | बाससिम्ले - तार्के - सिन्दुर्चे सडक | जुगल १ र २ | रु. १०,००,००,०००.०० | |
| | | | | |
| | पूर्वाधार विकास कार्यालय , सिन्धुपाल्चोक | | | |
| १ | लामिडाँडा - सिन्दुर्चे सडक | जुगल १ र २ | रु. २,००,००,०००.०० | |
| २ | गोण्डेगाउँ - पाङगर्पु सडक | जुगल ३ | रु. ३,००,००,०००.०० | |
| ३ | ढाँडे - याङ्लाकोट सडक | जुगल ५, ६ र ७ | रु. ३,००,००,०००.०० | |
| | | | | |
| | सामाजिक विकास कार्यालय , धुलिखेल | | | |
| १ | सेतीदेवी माध्यमिक विद्यालय, बराम्ची ४ कोठे भवन | जुगल ५ | रु. १,००,००,०००.०० | |
| २ | निम्लुङ आधारभूत विद्यालय ४ कोठे भवन | जुगल २ | रु. १,००,००,०००.०० | |
| | | | | |
| | पर्यटन विकास आयोजना , इकाई कार्यालय , काठमाडौं | | | |
| १ | निचेन उर्गेलिङ गुम्बा | जुगल १ | रु. १५,००,०००.०० | |
| २ | टासी लासा गुम्बा | जुगल ३ | रु. २०,००,०००.०० | |
| ३ | बज्रछोलिङ गुम्बा | जुगल ६ | रु. १५,००,०००.०० | |
| ४ | उर्गेलिङ गुम्बा | जुगल १ | रु. २०,००,०००.०० | |
| ५ | मञ्जुश्री पार्क तथा अध्ययन केन्द्र | जुगल ६ | रु. ३०,००,०००.०० | |
| ६ | जुगल भ्यू पोइन्ट तथा सांस्कृतिक केन्द्र | जुगल २ | रु. ३०,००,०००.०० | |
| | | | | |
| | शहरी विकास तथा भवन कार्यालय , रामेछाप | | | |
| १ | कुम्लेश्वर टाउगाँउ सडक | जुगल २ | रु. ३,५०,९६,०५२.०० | |
| २ | जुगल मिनि रंगशाला | जुगल १ | रु. ८,७९,३५,४१७.०० | |
| ३ | तोरीबारी चोक नयाँ बस्ती सेपगाँउ किप्चे गोल्चे सडक | जुगल २ | रु. ३,२२,३७,८०३.०० | |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- यस गाउँपालिकाको पञ्जीकरण शाखा (घटना दर्ता तथा सामाजिक सुरक्षा शाखा) मा कार्यरत एम.आई.एस. अपरेटर (MIS Operator) पद रिक्त भएको र पञ्जीकरण र सामाजिक सुरक्षा जस्तो संवेदनशील तथा दैनिक नागरिक सेवासँग जोडिएको कार्य सञ्चालन गर्न उक्त पद तुरुन्त पूर्ति गर्नुपर्ने आवश्यकता देखिएको छ। यसै सन्दर्भमा, विगत समयदेखि यसै गाउँपालिकाको पञ्जीकरण शाखामा "फिल्ड सहायक" (Field Assistant) पदमा करारमा कार्यरत कर्मचारी श्री अच्युत अधिकारीको कार्यसम्पादन उत्कृष्ट रहेको र निजको न्यूनतम शैक्षिक तथा प्राविधिक योग्यता (कम्प्युटर सम्बन्धी विषयमा प्रवीणता प्रमाणपत्र वा सो सरह) समेत एम.आई.एस. अपरेटर पदका लागि तोकिए बमोजिम पुगेको पाइएकाले निजलाई सो रिक्त पदमा पदोन्नति/आन्तरिक समायोजन गर्ने सम्बन्धमा विस्तृत छलफल गरियो। यस प्रस्तावमा छलफल हुँदा, पञ्जीकरण शाखाको कार्यलाई थप प्रभावकारी, निरन्तर र व्यवस्थित बनाउन तथा नयाँ विज्ञापन गरी जनशक्ति व्यवस्थापन गर्दा लाग्ने समय र खर्चलाई मध्यनजर गर्दै; हाल फिल्ड सहायक पदमा कार्यरत र न्यूनतम योग्यता पुगेका कर्मचारी श्री **अच्युत अधिकारी** लाई रिक्त रहेको एम.आई.एस. अपरेटर **(MIS Operator)** पदमा मिति २०८३/०१/०१ देखि लागू हुने गरी **पदोन्नति (आन्तरिक समायोजन/कार्यभार परिवर्तन)** गर्ने निर्णय सर्वसम्मत रूपमा गरिन्छ।

- आउदै गरेको ११७ औं अन्तर्राष्ट्रिय नारी दिवस (८ मार्च) को अवसरमा यस जुगल गाउँपालिका अन्तर्गतका महिला तथा आमा समूहहरूलाई प्रोत्साहन गर्न यस गाउँपालिकाको वडा नं. १ र वडा नं. ६ मा क्रियाशील रहेका विभिन्न आमा समूहहरूबाट आफ्ना कार्यालय तथा बैठक कक्षहरूका लागि आवश्यक भौतिक सामग्रीहरू (कुर्सी र डस्टबिन) सहयोग पाऊँ भनी पेश हुन आएको मागपत्र बमोजिम आमा समूहहरूको कार्यालय व्यवस्थापन र बैठक सञ्चालनलाई सहज बनाउन उनीहरूको माग र आवश्यकताका आधारमा प्लास्टिकका कुर्सीहरू र वडा तथा गाउँघरलाई स्वच्छ एवं सफा राख्ने कार्यमा टेवा पुऱ्याउन फोहोर फाल्ने डस्टबिनहरू (Dustbin) चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमको "विभिन्न सञ्जाल समूहलाई तालिम सहायता" शिर्षकबाट खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३